स्थानीय सरकार

घोराही उपमहानगरपालिका, नगरकार्यपालिकाको कार्यालय

घोराही, दाङ, लुम्बिनी प्रदेश, नेपाल

## नगरकार्यपालिकाको बैठक नं. १८१

आज मिति २०८२।०७।१४ गते शुक्रबार घोराही उपमहानगरपालिकाका नगर प्रमुख श्री नरुलाल चौधरीज्यूको अध्यक्षमा नगरकार्यपालिकाका देहाय बमोजिमका सदस्यहरुको उपस्थितीमा नगरकार्यपालिकाको १८१औं बैठक बसी देहाय बमोजिम निर्णय गरियो।

उपस्थिति

| क्र.सं. | नाम | पद | वडा नं. | हस्ताक्षर |
|---|---|---|---|---|
| १ | नरुलाल चौधरी | नगर प्रमुख | | |
| २ | हुमा कुमारी डि.सी. | उपप्रमुख | | |
| ३ | राममणी पाण्डेय | वडा अध्यक्ष | १ | |
| ४ | चित्र बहादुर चौधरी | वडा अध्यक्ष | २ | |
| ५ | राम प्रसाद चौधरी | वडा अध्यक्ष | ३ | |
| ६ | मधु सुदन शर्मा | वडा अध्यक्ष | ४ | |
| ७ | विवेक बुढाथोकी | वडा अध्यक्ष | ५ | |
| ८ | विष्णुराम आचार्य | वडा अध्यक्ष | ६ | |
| ९ | खोपिराम चौधरी | वडा अध्यक्ष | ७ | |
| १० | चैतु कुमार चौधरी | वडा अध्यक्ष | ९ | |
| ११ | दिपक पाण्डे | वडा अध्यक्ष | १० | |
| १२ | कुल बहादुर लामिछाने | वडा अध्यक्ष | ११ | |
| १३ | द्रोण बहादुर बहकरी | वडा अध्यक्ष | १२ | |
| १४ | डुल्लुराम पोखेल | वडा अध्यक्ष | १३ | |
| १५ | भान सिं बुढा | वडा अध्यक्ष | १४ | |
| १६ | रमेश कुमार पाण्डेय | वडा अध्यक्ष | १५ | |
| १७ | तारा बहादुर डाँगी | वडा अध्यक्ष | १६ | |
| १८ | राम लौटन चौधरी | वडा अध्यक्ष | १७ | |
| १९ | भरतमणि अर्याल | वडा अध्यक्ष | १८ | |
| २० | ज्ञान बहादुर रायमाझी | वडा अध्यक्ष | १९ | |
| २१ | लिलादेवी गोतामे कामी | का.पा. सदस्य | | |
| २२ | बसन्ता पोखेल | का.पा. सदस्य | | |
| २३ | शान्ता शेर्पाली | का.पा. सदस्य | | |
| २४ | श्रीमती पदमा चौधरी | का.पा. सदस्य | | |
| २५ | सिना बुढाथोकी | का.पा. सदस्य | | |
| २६ | पवित्रा विश्वकर्मा | का.पा. सदस्य | | |
| २७ | कमला परियार | का.पा. सदस्य | | |
| २८ | मान बहादुर सुनार | का.पा. सदस्य | | |
| २९ | वासुदेव आचार्य | सचिव | | |

आमन्त्रित

| | | | | |
|---|---|---|---|---|
| १ | श्रीमन पोखेल | बैठक व्यवस्थापक | | |

नगरकार्यपालिका बैठक नं. १८१, मिति २०८२।०७।१४ गते शुक्रबार

प्रस्तावहरु

१. अघिल्लो कार्यपालिका बैठकको निर्णय समिक्षा सम्बन्धमा।

२. स्वास्थ्य लाभको कामना गर्ने सम्बन्धमा।

३. जग्गाको श्रेष्ता कायमका लागि लिइने सिफारिस दस्तुर निःशुल्क गर्ने सम्बन्धमा।

४. लागत साझेदारी प्रतिबद्धता सम्बन्धमा।

५. जलाशय ठेक्का लगाउने सम्बन्धमा।

६. दलजितपुर विद्यालयको नमूना विद्यालय व्यवस्थापन समितिको सदस्य चयन सम्बन्धमा।

७. विविध

निमित्त प्रमुख प्रशासकीय अधिकृत

नरुलाल चौधरी
नगर प्रमुख

निमित्त प्रमुख प्रशासकीय अधिकृत

निर्णय नं. १

यस अघि बसेको नगरकार्यपालिकाको बैठकको निर्णय कार्यान्वयन सम्बन्धमा समिक्षा गरियो।

निर्णय नं. २

यस उपमहानगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत श्री ऋषिराम के.सी.ज्यू अस्वस्थ रहनुभएकोले उहाँको शिर्घ स्वास्थ्य लाभको कामना गरियो।

निर्णय नं. ३

जेन जी आन्दोलनकोक्रममा मालपोत तथा नापी कार्यालयहरुमा भएको आगजनीले नगरवासीहरुको नाममा रहेको जग्गाको श्रेष्ता जल्न गई क्षति भएकोले क्षति भएका जग्गाको श्रेष्ता कायमका लागि निःशुल्क सिफारिस गर्न वडा कार्यालयहरुलाई परिपत्र गर्न राजश्व व्यवस्थापन शाखालाई निर्देशन दिने निर्णय गरियो।

निर्णय नं. ४

घोराही उपमहानगरपालिका वडा नं. १२ निघुवार स्थित हापुर माध्यामिक विद्यालयको च.नं. ३२, मिति २०८१।०५।२६ को पत्रबाट विद्यालयको भवन निर्माणका लागि विद्यालयको आफ्नै स्रोत अप्रयास हुने हुँदा नेपाल भारत मैत्री सहयोग कार्यक्रम अन्तर्गत उक्त विद्यालयलाई नौ कोठे भवन निर्माण गर्न भारतीय दुतावास लैनचौर काठमाण्डौमा प्रस्तावना पेश गर्न विद्यालय व्यवस्थापन समितिको मिति २०८१।०५।२३ को बैठकको निर्णय सहित उक्त विद्यालय निर्माणका लागि लाग्ने कुल लागत रु.३,८८,७७,२७७।४३ (तिन करोड अठासी लाख सतहत्तर हजार दुई सय सतहत्तर रुपैया पैसा त्रिचालिस)को नियमानुसार स्थानीय तहले व्यहोर्नुपर्ने लागत साझेदारी प्रतिवद्धता सहित संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमा अनुरोध गर्ने निर्णय गरियो।

निमित्त प्रमुख प्रशासकीय अधिकृत

नरुलाल चौधरी
नगर प्रमुख

स्थानीय सरकार
घोराही उपमहानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
लुम्बिनी प्रदेश
दाङ, नेपाल

निमित प्रमुख प्रशासकीय अधिकृत

नरुलाल चौधरी
नगर प्रमुख

निर्णय नं. ५

घोराही उपमहानगरपालिकाको राजश्व परामर्श समितिको मिति २०८२ भदौ १३ गते चेपे जलाशय ठेक्का दिने सम्बन्धमा र कार्तिक २ गते थप अन्य जलाशय ठेक्कामा दिने सम्बन्धमा भएको तपसिल बमोजिमको निर्णय अनुमोदन गर्ने निर्णय गरियो।

१. घोराही उपमहानगरपालिका क्षेत्रभित्र रहेका तपसिल बमोजिमका कृत्रिम जलाशयलाई माछा पालन, ढुङ्गा संचालन र पर्यटनसँग सम्बन्धीत अन्य कृयाकलाप गर्न सकिने गरी वार्षिक न्यूनतम अंक तोकि चालु आर्थिक वर्ष २०८२/८३ देखि १० वर्षसम्मका लागि विद्युतीय माध्यमबाट ठेक्का बन्दोबस्त गर्ने, ठेक्का कबोल अंक २ वर्ष पछि वार्षिक रुपमा १० प्रतिशतले रकम वृद्धि गर्ने गरी ठेक्का लगाउने साथै जलाशय वरिपरी ठेकेदारले निर्माण गरेका अस्थायी संरचनाहरु ठेक्का अवधी पश्चात स्वतः घोराही उपमहानगरपालिकाको हुने गरी ठेक्का बस्दोबस्त गर्ने।

| सि.नं. | जलाशयको नाम | वडा | न्युनतम वार्षिक अंक रु. (मु.अ.कर बाहेक) | कैफियत |
|---|---|---|---|---|
| १ | चेपे जलाशय | १ | ६,००,०००।- | |
| २ | ज्यामिरे जलाशय | १३ | १,५०,०००।- | |
| ३ | गंगटे जलाशय | १६ | १,००,०००।- | |
| ४ | ढिकपुर जलाशय | १७ | १,००,०००।- | |
| ५ | कर्जाही जलाशय | १७ | १,५०,०००।- | |
| ६ | गुलरिया जलाशय | १७ | १,००,०००।- | |

स्थानीय सरकार
घोराही उपमहानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
लुम्बिनी प्रदेश
दाङ, नेपाल

निमित प्रमुख प्रशासकीय अधिकृत

नरुलाल चौधरी
नगर प्रमुख

निमित्त प्रमुख प्रशासकीय अधिकृत

नगर प्रमुख

निर्णय नं. ६

श्री महेन्द्र आधारभूत विद्यालय दलजितपुरको नमूना विद्यालय व्यवस्थापन समितिको रिक्त सदस्य पदमा घोराही उपमहानगरपालिकाको शिक्षा ऐन २०७५ (पहिलो संशोधन) को दफा २०क को उपदफा (१) खण्ड (ग) मा व्यवस्था भए बमोजिम तपसिल बमोजिम सदस्य चयन गर्ने निर्णय गरियो।

तपसिलः

१. घनश्याम के.सी.

२. भुमा नेपाली

३. जोग बहादुर बुढाथोकी

निर्णय नं. ७

७.१ घोराही उपमहानगरपालिकाको मिति २०८१।०६।०२ गते बसेको नगरकार्यपालिकाको १७८औं बैठकबाट  अर्को निर्णय नभएसम्म सबै प्रकारका आयोजना तथा कार्यक्रमहरु कार्यान्वयन नगर्ने भनि निर्णय भएकोमा क्रमशः  अत्यावश्यक आयोजना तथा कार्यक्रमहरु संचालन गर्न महाशाखा/शाखाहरुलाई अनुमती दिने।

७.२ यस घोराही उपमहानगरपालिकाका कार्यपालिका संदस्य तथा ४ नं. वडा अध्यक्ष श्री मधुसुदन शर्माकी ममतामयी आमा स्व. गंगादेवी घिमिरे को  मिति २०८२।०७।०२ गते ९६ वर्षको उमेरमा असामयीक निधन भएकोमा उपमहानगर परिवार अत्यन्त मर्माहत भएको छ। यस दुःखको घडीमा दिवंगत आत्माको चिरशान्तिको कामना सहित हार्दिक श्रद्धाञ्जली व्यक्त गर्दै शोक सन्तप्त परिवारजनमा भावपूर्ण गहिरो समवेदनाका साथ शोक प्रस्ताव पारित गरियो।

निमित्त प्रमुख प्रशासकीय अधिकृत

नगर प्रमुख

स्थानीय सरकार
घोराही उपमहानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
लुम्बिनी प्रदेश
दाङ, नेपाल